# नेपाल फाईनान्स लिमिटेड
# Nepal Finance Limited
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था"

Kamaladi, Kathmandu, Nepal
+977-01-4545885, 4545886
info@nepalfinance.com.np
www.nepalfinancelimited.com.np


च.नं. ५६४. २०७९/०८०

मिति: २०७९/०९/०८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ

श्री प्रभु क्यापिटल लि.
कमलादी, काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री सि.डि.एस एण्ड क्लियरिङ्ग प्रा.लि.
पुतलीसडक, काठमाण्डौ ।

**विषय: ३०औं बार्षिक साधारणसभाको सूचना एवम् शेयर दाखिल खारेज (Book Close) कार्य बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७९/०९/०८ गते दिउँसो २:०० बजे बसेको सञ्चालक समितिको ३६७ औं बैठकको निर्णयानुसार संस्थाको ३० औं बार्षिक साधारण सभा आगामी मिति २०७९ पौष ३० (तदनुसार १४ जनवरी, २०२३) का दिन बिहान ११:०० बजे होटल एल्लो प्यागोडा, कान्तिपथ, काठमाण्डौमा हुन गइरहेको ब्यहोरा तहाँको जानकारीका लागि अनुरोध गर्दछौं ।

साथै, साधारण सभा प्रयोजनका लागि संस्थाको शेयरधनी दर्ता किताब शेयर दाखिल खारेजको कार्य मिति २०७९/०९/१८ गते एक दिनको लागि बन्द (Book Close) गरिने निर्णय भएको ब्यहोरा शेयरधनी लगायत सम्बन्धित सरोकारवालाहरु सबैमा जानकारी गराउँदै साधारण सभा बस्ने सम्बन्धमा मिति २०७९/०९/०९ गतेका दिन अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित हुने सूचनाको विवरण समेत यसैसाथ संलग्न गरी पठाईएको ब्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

भवदीय,

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

.............................

बिष्णुप्रसाद गौतम
कम्पनी सचिव

# नेपाल फाईनान्स लिमिटेड
# Nepal Finance Limited

"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"
Head Office: Kamaladi, Kathmandu, Nepal,
Tel: +977-1-4545885/6/7, Email: info@nepalfinance.com.np
Web: www.nepalfinancelimited.com.np

## ३० औं बार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०९/०९

आदरणीय श्री शेयरधनी महानुभावहरु

यस वित्तीय संस्थाको मिति २०७९/०९/०८ गते बसेको सञ्चालक समितिको ३६७ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको तिसौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने स्थान, मिति र समय**

**सभा हुने मिति** : २०७९ साल पौष ३० गते (तदनुसार १४ जनवरी २०२३) शनिबार ।
**स्थान** : होटल एल्लो प्यागोडा, कान्तिपथ, काठमाण्डौ ।
**सभा शुरु हुने समय** : विहान ११:०० बजे ।

**छलफलका विषयहरु:**

(क) साधारण प्रस्तावहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब. २०७८/०७९ को वासलात, २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०७९/०८० को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक एस.ए.आर. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स (एफसिए श्री अमन उप्रेति) पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

(ख) विशेष प्रस्तावः

१. संस्थाको नियमावलीको नियम २९ (१ ख) को संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
२. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समभ्रुदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) विविध ।

**बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. साधारण सभालाई ध्यानमा राखी मिति २०७९/०९/१८ गते १ दिन संस्थाको शेयरधनी दर्ता किताव बन्द रहने छ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा २०७९/०९/१७ गतेसम्म कारोबार भई म्यादभित्र यस संस्थाको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउने छन् ।
२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले हितग्राही (DMAT) खाता खोलिएका/शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।
३. वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ।
४. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्तगर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि संस्थाको केन्द्रीय कार्यालय कमलादी, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । संस्थाको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्तगरि सकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम संस्थाको केन्द्रीय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाइ स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजीर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।
६. एकभन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मत बाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।
७. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
८. सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय कमलादी, काठमाण्डौमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।
९. छलफलको विषय अन्तर्गत विविध शिर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै बिषय उपर छलफल गर्न चाहनु भएमा सो बिषय बारे सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु दिनु पर्नेछ ।

**पुनश्चः** शेयरधनी महानुभावहरुले कम्पनीको केन्द्रीय कार्यालय कमलादी, काठमाण्डौमा उपस्थित भई बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु निरीक्षण गर्न र प्राप्तगर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ । बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु संस्थाको Website : www.nepalfinancelimited.com.np मा पनि हेर्न सक्नुहुनेछ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव